# नेपाल सरकार

**प्रदेश प्रमुख**
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## संविधान दिवस २०८२ को शुभकामना सन्देश

संविधान देशको मुल कानून हो । जनताका प्रतिनिधिहरुले संविधान सभामार्फत् संविधान निर्माण गरी जारी भएको आज १० बर्ष पूरा भएको छ । दशक पुरा भएको सुखद अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी, दाजुभाइहरुमा हार्दिक बधाई, साथै शुभकामना व्यक्त गर्दछु । यो सुनौलो बिहानी ल्याउन योगदान गर्नुहुने इतिहासको विभिन्न कालखण्डका शहीदहरुप्रति श्रद्धाञ्जली व्यक्त गर्दछु ।

नेपाली जनताको संघर्ष र बलिदानबाट वि.सं.२०७२ साल असोज ३ गते संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएको ऐतिहासिक उपलब्धिको सम्झना र सम्मान गर्न आज हामी संविधान दिवस / राष्ट्रिय दिवस मनाइरहेका छौँ । यद्यपि देशको वर्तमान परिस्थिती उल्लाषपूर्ण छैन । जेनजी आन्दोलनबाट भएका सबैप्रकारका क्षतिलाई परिपुरण गर्नेगरी आगामी कदम चाल्नुछ ।

केन्द्रिकृत र एकात्मक राज्य व्यवस्थाद्वारा सिर्जित सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै जातीय, भाषिक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतायुक्त नेपाली समाजलाई वृहत् राष्ट्रिय एकताको सूत्रमा आबद्ध गरेको संविधान जारी भएको आजको दिनलाई उत्सवको रुपमा मनाउँदै अघि बढ्नु पर्नेछ । यो १० वर्षको अन्तरालमा लोकतन्त्रको संस्थागत विकासका लागि थुप्रै कार्यहरु सम्पादन भएका छन् । संविधानमा मूलभूत लोकतान्त्रिक मूल्य मान्यता समेटिएका छन् । संविधानको रक्षा र कार्यान्वयनमा क्रियाशील शक्तिहरुले उच्चतम समझदारी बनाएर अघि बढ्नुपर्ने आवश्यकता अझै विद्यमान छ ।

सकारात्मक कामको पहलमा सबैको ऐक्यवद्धता आवश्यक रहन्छ । त्यसैले पनि संविधानमा लिपिबद्ध हक अधिकार कार्यान्वयनका लागि सरोकारवाला सबैले आ-आफ्नो स्थानबाट पहलकदमी लिइरहन सम्पूर्ण नेपाली नागरिकमा हार्दिक अनुरोध समेत गर्दछु ।

संविधान कार्यान्वयनमार्फत राष्ट्रिय समृद्धि हासिल गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रका आधारभूत मुल्य मान्यता र प्रणालीलाई राष्ट्रिय जीवन पद्धति बनाउन संविधान दिवस / राष्ट्रिय दिवस, २०८२ ले हामी सबैमा नयाँ उत्साह प्रदान गर्ने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद ।

**२०८२ साल असोज ०३ गते शुक्रवार**
**ने.सं. ११४५ यंलागा: त्रयोदशी**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**